**बैठक संख्या : ५८ मिति : २०७६।०५।२० गते**

**बैठक संख्या : ५८ स्थान : राप्ती नगरपालिका**
**मिती : २०७६।०५।२० गते समय : विहान ८ : ०० बजे**

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)
नगर उपप्रमुख श्री इमान सिंह लामा
वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती
वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा
वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक
वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया
वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा
वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ
वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ
वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ
सदस्य श्री पुष्पा के.सी. कुवर
सदस्य श्री दिल कुमारी लामा
सदस्य श्री कविता राई
सदस्य श्री रमिता परियार
सदस्य श्री श्यामलाल वि.क.
सदस्य श्री आइती देवी दराई
सदस्य श्री अम्विका लामा
सदस्य श्री पहलमान प्रजा
प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव
आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.
लेखा अधिकृत श्री गोपाल तिवारी
क.अ. श्री रमेश चौधरी

**बैठक संख्या : ५८                मिति : २०७६।०५।२० गते**

**प्रस्तावहरु**

१. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।
२. शिक्षा दिवस मनाउने सम्बन्धमा ।
३. नगरपालिका स्थापना दिवस सम्बन्धमा ।
४. धानजोन छलफल सम्बन्धमा ।
५. उद्योग वाणिज्य संघको राप्ती महोत्सव सम्बन्धमा ।
६. खोलाहरुको टेण्डर गर्ने सम्बन्धमा ।
७. विभिन्न सहयोग सम्बन्धमा ।
८. २०/८० योजना म्याद थप गरि भुक्तानी गर्ने सम्बन्धमा ।
९. २ वटा इन्जिनियर राख्ने सम्बन्धमा ।
१०. भोलेवाबा विद्यालयको अपुरो काम पुरा गर्ने सम्बन्धमा ।
११. एक विद्यालय एक नर्स छनौट गर्ने सम्बन्धमा ।
१२. स्वीस सरकारबाट संचालन हुने योजनाको समझदारी पत्र (MOU) गर्ने सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं १ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट आ.व. ०७५/७६ मा संचालन भएका योजना तथा कार्यक्रम र प्रवाह गरिएका सेवा सम्बन्धमा मिति २०७६।०६।१० गते १ बजे तरकारी मण्डी भण्डारामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं २</u>**

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७६। ०५। २२ गते ११:०० बजे भण्डारा मा.वि. मा शिक्षा दिवस मनाउने र कार्यपालिका सवै सदस्यहरु सहभागी भई कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>**

प्रस्ताव नं ३ माथि छलफल गर्दा राप्ती नगरपालिकाको स्थापना दिवस आश्वीन १ गते पर्ने भएकोले सो दिन विहान ७ बजे सवै जनप्रतिनिधिहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४, देवानी र फौजदारी संहिता सम्बन्धी विषयमा क्षेत्रीय कृषी तालिम केन्द्र वीरेन्द्रनगरमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ४</u>**

प्रस्ताव नं ४ माथि छलफल गर्दा राप्ती नगरपालिका धान जोन परेको व्यहोरा कृषि ज्ञान केन्द्रबाट जानकारी हुन आएकोले यस नगरपालिकाको पूर्व पश्चिम लोक मार्गको दक्षिण तर्फको वडा नं १, २, ३, ४, ६ र ८ को भुभागलाई धानजोन क्षेत्र प्रस्ताव गरी यस सम्बन्धमा छलफल गर्न मिति २०७६।०६।२३ गते १ बजे कार्यालयमा एक गोष्ठी संचालन गर्ने निर्णय गरियो

**बैठक संख्या : ५८ मिति : २०७६।०५।२० गते**

**<u>निर्णय नं ५</u>**

प्रस्ताव नं ५ माथि छलफल गर्दा राप्ती उद्योग वाणिज्य संघ राप्तीले मिति २०७६।०६।२८ गते देखि मिति २०७६।०७।२८ सम्म वीरेन्द्र आदर्श मा. वि. को खेल मैदान राप्ति-७ मा प्रथम राप्ती महोत्सव गर्ने भएको व्यहोरा उल्लेख गर्दै मिति २०७६/५/१७ को पत्रवाट सहमति तथा सहयोग माग भई आएकोले आयोजक राप्ती नगरपालिका राप्ती उद्योग वाणिज्य संघ रहेने गरी महोत्वलाईलाई भव्य र सव्य रुपमा संचालन र व्यवस्थापन गर्न १०,००,०००। – दश लाख उपलब्ध गराउने र महोत्सवमा हुने लाभ, लागत र जोखिम सम्पूर्ण राप्ती उद्योग वाणिज्य संघले लिने व्यहोर्ने गरी महोत्सव संचालन गर्न सहमति दिने निर्णय गरियो ।

**<u>निर्णय नं ६</u>**

प्रस्ताव नं ५ माथि छलफल गर्दा लोथर र लदारी खोलाहरुको दहत्तर वहत्तर ढुङगा गिट्टी वालुवाको ठेक्का लगाउने विषयको सम्बन्धमा मनहरी गाउँपालिकासगँ अनौपचारिक छलफल समेत भएको हुदा लोथर खोलाको IEE प्रतिवेदन अनुसार वोलपत्र आहवान गर्ने । लदरी खोला राप्ती र खैरहनी नगरपालिकाको सीमानामा रहेकाले खैरहनी नगरपालिसगँ समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**<u>निर्णय नं ७</u>**

प्रस्ताव नं ७ माथि छलफल गर्दा नारिहरुको महान चाड तिज र वडा दशैंको अवसरमा विभिन्न जनचेतना मुलक कार्यक्रम तथा खेलकुद कार्यक्रमहरुको लागि सहयोग माग भई आएको सम्बन्धमा सोको उचित सम्बोधन गरी निर्णय प्रमुख, उपप्रमुखको निर्णय/आदेशवाट भएका कार्यक्रम तथा सहयोगको सम्बन्धमा प्रत्येक महिनाको पहिलो वैठकमा पेश गर्ने निर्णय गरियो

**<u>निर्णय नं ८</u>**

प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.व. ०७५/७६ को अन्तिम महिनामा ८०%नगरपालिका र उपभोक्ताको २०% नगद लागत सहभागितामा संचालन गरिएका विभिन्न १७ वटा योजनाहरुको काम सोही आ.व.मा सम्पन्न हुनपर्नेमा सवै योजना सम्पन्न हुन सकेन हाल उक्त सवै योजना सम्पन्न भइ सकेको हुदा त्यस्ता योजना काम सम्पन्न म्याद मिति २०७६।०४।३० सम्म थप गरी क्रमागत योजनाको रुपमा राखी भुक्तानी गर्ने गराउने कार्य समेतको अनुमोदन निर्णय गरियो ।

**<u>निर्णय नं ९</u>**

प्रस्ताव नं ९ माथि छलफल गर्दा राप्ती नगरपालिकामा विकास निर्माणको कार्यहरु तीब्र रुपमा अघि बढी रहेको र बढ्दो शहरीकरणले गर्दा विकास निर्माण र शहरीकरणलाई व्यवस्थित गर्न कार्यालयमा मौजुदा प्राविधिक जनशक्तिबाट मात्र कुशल रुपमा कार्यान्वयन गर्न नपुग भएको महसुस भएकोले थप कर्मचारी आएपछि हट्ने गरी देहाय बमोजिमको अधिकृत स्तर छैठौ तहको पदले पाउने पारिश्रमिकमा नघट्ने गरि २ जना इन्जिनियर दैनिक ज्यालादारीमा राख्ने निर्णय गरियो ।

तपसिल

१. इन्जि. सेवा सिभिल समुह – १
२. इन्जि. सेवा विल्डिङ एण्ड आर्किटेक्ट - १

**बैठक संख्या : ५८　　　　मिति : २०७६।०५।२० गते**

**<u>निर्णय नं १०</u>**

प्रस्ताव नं १० माथि छलफल गर्दा भोलेबाबा आधारमुत विद्यालय राप्ती-२ को अधुरो कार्यको लागि इष्टिमेट गरी सो बमोजिम कार्य गर्न रु ५०००००। पाँच लाख रकम विनियोजन गरि कार्यान्वन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ११</u>**

प्रस्ताव नं ११ माथि छलफल गर्दा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको च.नं. ४०० मिति २०७६।०५।०२ को पत्रबाट "**एक विद्यालय एक नर्स**" कार्यक्रमको लागि कार्यपालिकाबाट निर्णय गराई विद्यालयको नामावली पठाई दिन लेखी आएकोले शिक्षा शाखा र स्वास्थ्य शाखाबाट विद्यालयको मुल्याङ्कन सहित प्राप्त भएकोमा श्री बुद्धशान्ति मा.वि. राप्ती-२ लाई छनौट गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं १२</u>**

प्रस्ताव नं १२ माथि छलफल गर्दा स्वीस सरकार समेतको सहयोगमा राप्ती नगरपालिकामा संचालित पूर्वी चितवन नदी व्यवस्थापन तथा जिविको पार्जन सुधार कार्यक्रम (चरण-२) को आ.व. ०७६/७७ को कार्यक्रम देहाय बमोजिम लागत सहभागिता रहने गरी आयोजना सहयोगी इकाई (PSU) बाट प्राप्त मस्यौदा उपर छलफल भयो । सो बमोजिम समझदारी पत्र ( MOU) मा यस नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाईलाई अधिकार दिने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. स्वीस सरकार – ४० %
२. नेपाल सरकार – ३० %
३. नगरपालिका -२०%
४. उपभोक्ता समिति – १०%